STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २७७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ कार्तिक ९ गते मंगलबार ❑ 26 Oct. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## चार पूर्वप्रधानन्यायाधीशले मागे प्रधानन्यायाधीश जबराको राजीनामा

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ कार्तिक**

सर्वोच्च अदालतका चार पूर्व प्रधानन्यायाधीशहरूले प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराको राजीनामा मागेका छन् ।

पूर्वप्रधानन्यायाधीशहरु मीनबहादुर रायमाझी, अनुपराज शर्मा, कल्याण श्रेष्ठ र सुशीला कार्कीले प्रधानन्यायाधीश जबराको राजीनामा मागेका हुन्।सोमबार पूर्वन्यायाधीशहरुले संयुक्त विज्ञप्ति निकालेर प्रधानन्यायाधीश जबरालाई बर्हिगमनको बाटो तय गर्न आग्रह गरेका छन् । संयुक्त विज्ञप्तिमा भनिएको छः 'न्यायाधीशले कुनै कारणले जनविश्वास गुमाउँछ भने न्यायको लागि बचाउनेका केही रहन्न भन्ने कुरा बुझ्नु आवश्यक छ । न्यायपालिकाको समक्ष उपस्थित चूनौतिहरुको माझमा न्यायपालिकाको स्वार्थलाई आफ्नो स्वार्थ भन्दा माथि राखेर बर्हिगमन गर्ने आँट देखाउन सम्बन्धित न्यायिक नेतृत्वलाई आह्वान गर्दछौं ।' अहिलेको समस्या प्रधानन्यायाधीशले सृजित गरेको समस्या भएकोले यसको जवाफदेहीता प्रधानन्यायाधीश स्वयंले ग्रहण गर्नुपर्ने बताउँदै उनीहरुलेनेपालको न्यायपालिकाको इतिहासमा नै अभूतपूर्व चिन्ताजनक वातावरण देखिएको दावी गरेका छन् । विज्ञप्तिमा पूर्वन्यायाधीशहरुले भनेका छन् : 'जनआस्था र विश्वासलाई नै आफ्नो वैधताको स्रोत मान्ने न्यायपालिका जस्तो संवेदनशिलसंस्थाकोलागिआफ्नै नेतृत्वकर्ताको आलोचित काम, कारवाही र व्यवहारको कारण न्यायपालिकाप्रतिको भरोसा उठ्न गयो भने न्यायपालिकाको लागि त यो घातक हुन्छ नै, स्वयं देशका संवैधानिक पद्धति र लोकतन्त्रको लागि पनि घातक अवस्था हुन जान्छ ।'

## आन्तरिक पर्यटकका रोजाइमा 'प्याराग्लाइडिङ'

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ कार्तिक**



पोखरामा आन्तरिक पर्यटकको चहलपहलसँगै प्याराग्लाइडिङ गर्नेको सङ्ख्या पनि बढेको छ । दसैं तिहारका समयमा यहाँ घुम्न आउने अधिकांश पर्यटकले प्याराग्लाइडिङ गर्ने गरेको नेपाल हवाई खेलकूद संस्था (ना) का अध्यक्ष कृष्ण भण्डारीले जानकारी दिनुभयो । उहाँले कोरोना पछि पोखरामा आन्तरिक पर्यटकको आगमनले प्याराग्लाइडिङ गर्नेको सङ्ख्या पनि बढेको बताउनुभयो । "अहिले पोखरामा प्याराग्लाइडिङ गर्नेको सङ्ख्या राम्रो छ यसले प्याराग्लाइडिङ व्यवसायीलाई उत्साहित बनाएको छ ।" उहाँले भन्नुभयो ।

गत वर्ष ५० प्रतिशत छुट दिएर उडान गरेको भए पनि यो वर्ष भने छुट दिन नसकेको उहाँको भनाइ छ । "गत वर्ष पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित ५० प्रतिशत छुटमा उडान गराएका थियौं, तर त्यो रकमले उडानका अपरेटिङ कस्ट पनि उठ्न गाह्रो भयो, त्यसैले अहिले छुटमा उडान गर्न सकेनौं ।" उहाँले लामो समय उडान नहुँदा इक्विपमेन्ट मर्मत गर्नुपर्ने र ग्लाइडर पनि नयाँ खरिद गर्नुपर्ने भएकाले पनि अहिले छुटमा उडान गर्न कम्पनी तयार नभएको बताउनुभयो । प्याराग्लाइडिङ पाइलट क्लबका अध्यक्ष विमल पहारीका अनुसार दसैंको समयमा दैनिक करिब ४०० सम्म उडान भएको र अहिले दैनिक एक डेढ सय उडान भइरहेको जानकारी दिनुभयो । "साहसिक खेलमा रुचि हुने आन्तरिक पर्यटकका कारण व्यावसायिक उडानप्रति आशा जगाउँदै लगेको छ ।" उहाँले भन्नुभयो । "गत वर्ष असोजमा पनि बन्दाबन्दि खुकुलो पछि प्याराग्लाइडिङ गर्ने सङ्ख्या निकै राम्रो थियो, कोरोनाको दोस्रो लहरले फेरि रोकियो, अहिले भने केही आशा जगाएको छ ।" पहारीले विशेष गरी १५ देखि ४० वर्षसम्म उमेर समूहकाले उडानमा बढी रुचि देखाउने गरेको बताउनुभयो । उहाँसँग ७५ वर्ष सम्मकालाई उडाएको अनुभवसमेत छ । पहारीका अनुसार उडान गर्ने कलेजका विद्यार्थी र कर्पोरेट क्षेत्रका बढी रहेका छन्।

सरकारी कर्मचारी भने अलि कम छन्।

उडानको मज्जा लिने कास्की जिल्लाका २० प्रतिशत र अन्य जिल्लाका ८० प्रतिशत छन् । दसैंको तिहारको समयलाई सदुपयोग गर्दै यहाँ घुम्न आउनुभएका हेटौंडाका सिजन र रमिता कोइरालाले पनि प्याराग्लाइडिङबाट पोखरा र आसपासका सुन्दर दृष्य अवलोकन गर्दा निकै आनन्द लागेको बताउनुभयो । "पर्यटकीय सहर पोखराको सुन्दरतालाई चराजस्तै उडेर सुन्दर हिमशृङ्खला, फेवातालसँगै डाँडाकाँडाको हरियाली दृश्य निकै मनमोहक लाग्यो, उडान पनि निकै रोमाञ्चक लाग्यो ।" सिजनले भन्नुभयो ।

यहाँ हवाई खेलकूद संस्थाबाट प्याराग्लाइडिङ उडान अनुमति लिएका ३३८ प्यारापाइलट छन् यसमा १२ महिला छन् । यहाँ ६० प्याराग्लाइडिङ कम्पनी छन् । यस क्षेत्रमा करिब रु एक अर्बको लगानी छ । अहिले छ हजार शुल्कमा उडानको मजा लिन सकिन्छ । हिमालय स्काइ एडभेन्चर प्याराग्लाइडिङ कम्पनीका सञ्चालक माधव तिवारीले 'सेफ्टी र सेक्युरिटी'लाई ध्यान दिएर उडान भइरहेको जानकारीदिनुभयो ।

विगतमा प्यारा पाइलटबाट भएका कमिकमजोरी र लापर्बाहीका कारण केही दुर्घटना भएका घटना सार्वजनिक भएसँगै अहिले उडानमा विशेष सुरक्षा सतर्कता अपनाइएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो "विगतमा एकाध घटनाले पोखराको आकाश असुरक्षित छ कि भन्ने आशंका जन्माएको थियो, तसर्थ पनि अहिले उडान सुरक्षालाई कडाइ गरेर पूर्ण सेक्युरिटीका साथ उडान गरिएको छ ।" प्यारापाइलट र यात्रु दुवैले उडानका नियमलाई पूर्णरुपमा पालना गर्नुपर्ने सञ्चालक तिवारीको भनाइ छ ।

## एमालेका पालिकास्तरमा मंगलबार अधिवेशन

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ कार्तिक**

नेकपा (एमाले) ले मङ्गलबार देशभरका स्थानीय पालिका स्तरका कमिटीको अधिवेशन गराउँदैछ।

सो पार्टीको दसौं राष्ट्रिय महाधिवेशनको पूर्वसन्ध्यामा ७५३ पालिकास्तरमा अधिवेशन हुन लागेको हो। विशेष क्षेत्रअन्तर्गतका इलाकाको पनि एकैसाथ अधिवेशन हुनेछ । अधिवेशनको पार्टीका अध्यक्ष केपी शर्मा ओलीले पार्टीको केन्द्रीय कार्यालय, थापाथलीको वार रुमबाट दिउँसो १ बजे भर्चुअल माध्यमबाट उद्घाटन गर्ने कार्यक्रम रहेको एमाले केन्द्रीय कार्यालयका सचिव शेरबहादुर तामाङले जानकारी दिनुभयो । सोका लागि प्राविधिकलगायत तयारी पूरा भएको बताउनुभयो ।

यसअघि यही कात्तिक ६ गते सबै वडास्तरमा अधिवेशन तय गरिएकामा अधिकांश वडामा सम्पन्न भएको छ भने बाढी पहिरो प्रभावित केही स्थानमा स्थगन भएको छ । पार्टीको नयाँ विधानबमोजिमगाउँ/नगरपालिकामा ७५, उपमहानगरपालिकामा ८५ र महानगरपालिका एक सय एक सदस्यीय कार्यसमिति निर्वाचित हुनेछ । एमालेले महाधिवेशनमा सहभागी हुने प्रतिनिधिको मापदण्ड तय गर्न सो पार्टीले यही कात्तिक ११ गते स्थायी कमिटी र १२ गते केन्द्रीय कमिटीको बैठक बोलाएको छ।

आगामी मङ्सिर १० देखि १२ गतेसम्म एमालेको दसौं महाधिवेशन वाम्पती प्रदेशको चितवनमा हुनेछ । विसं २०७७ चैत मसान्तसम्म पार्टी सदस्य भएकालाई महाधिवेशन प्रतिनिधि बन्न योग्य बनाइएको छ।

## सात अर्बको धानबाली नष्ट

**रासस**
**काठमाडौं, ८ कार्तिक**

वर्षाका कारण धानबालीमा रु सात अर्ब २२ करोड क्षति भएको छ । कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सचिव कृष्णप्रसाद आचार्यका अनुसार करिब ६८ हजार हेक्टर क्षेत्रफलमा दुई लाख ५८ हजार ९२ मेट्रिकटन परिमाणमा धानको क्षति भएको छ।

सबैभन्दा धेरै लुम्बिनी प्रदेशका बर्दिया, कपिलवस्तु, बाँके र रुपन्देहीमा करिब ४२ हजार हेक्टरमा एक लाख ६१ हजार २२३ मेट्रिकटन धान नोक्सान हुँदा रु चार अर्ब ५१ करोड क्षति भएको छ । सुदूरपश्चिमका कैलाली र कञ्चनपुरमा करिब १८ हजार हेक्टरमा ६८ हजार ४०० मेट्रिकटन धान क्षति भएको छ । सोको बजार मूल्य रु एक अर्ब ९१ करोड हुन्छ।

प्रदेश नं १ का झापा, मोरङ र सुनसरीमा सात हजार ४९२ हेक्टर क्षेफलमा २८ हजार ४६९ मेट्रिकटन बालीमा नोक्सान पुगेको छ । यसको बजार मूल्य रु ८० करोड हुन आउँछ । गत असोज ३१ गतेदेखि देशका विभिन्न स्थानमा भएको अविरल वर्षाका कारण विशेषगरी यस क्षेत्रका किसान समस्यामा परेका छन् । अन्य प्रदेशमा पनि केकस्तो नोक्सान भएको छ, त्यसको अभिलेख सङ्कलन गर्न मन्त्रालय मातहतका प्रदेश कार्यालयलाई जिम्मेवारी दिइएको छ।

सम्बन्धित पक्षलाई राहत सहुलियत उपलब्ध गराउन मन्त्रालयबाट पनि अनुगमन समिति गठन गरी प्रभावित क्षेत्रमा पठाइएको प्रवक्ता प्रकाशकुमार सञ्जेलले जानकारी दिनुभयो । मन्त्रालय र प्रदेशका अधिकारीबीच समन्वय र समझदारी कायम गरी प्रभावित कृषकलाई सहयोग प्रदान गरिने जनाइएको छ । वर्षाले देशका विभिन्न स्थानमा आएको बाढी तथा डुबानले १०० भन्दा धेरै मानिसको मृत्यु भएको छ ।

बाँकी अन्तिम पृष्ठमा ▶▶

## विदेशी नागरिक पक्राउ

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ कार्तिक**

प्रहरीले पोखराबाट एक जना विदेशी नागरिकलाई बालबालिकाविरुद्धको कसुर गरेको अभियोगमा पक्राउ गरेको छ।

पोखरा महानगरपालिका–६ लेकसाइडबाट क्यानडियन नागरिक ४४ वर्षीय रोबर्ट किन्क्लेलाई शनिबार तीन बालकलाई साथमा राखी यौनजन्य गतिविधि गर्दै गरेको अवस्थामा फेला पारी पक्राउ गरी नाबालकको उद्धार गरिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक सुवास हमालले जानकारी दिनुभयो ।

नाबालकलगायत ललाइफकाइ, डरत्रास, धाकधम्की तथा विभिन्न प्रलोभनमा पारी लामो समयदेखि यौनजन्य गतिविधि गर्दै आएको भन्ने सूचनाका आधारमा जिप्रकाबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको जनाएको छ। अभियुक्तलाई जिल्ला अदालतबाट अप्राकृतिक मैथुन तथा बालबालिकाविरुद्धको कसुरमा सात दिन म्याद थपको अनुमति लिई घटना सम्बन्धमा अनुसन्धान कार्य अघि बढाइएको प्रनाउ हमालले जानकारी दिनुभयो । उनको साथबाट ल्याप्टप एक थान, मोबाइल एक थान, राहदानीसहित थप प्रमाणमा लाग्ने चिजबस्तु फेला पारिएको जनाइएको छ।

## एमाले महाधिवेशनको नारायणी किनारमा उद्घाटन, सौराहामा बन्द सत्र

**रासस**
**चितवन, ८ कार्तिक**

नेपाल कम्युनिष्ट पार्टी (एमाले) को १० औं महाधिवेशनको उद्घाटन सत्र नारायणी नदी किनार नारायणगढ र बन्द सत्र सौराहामा हुने भएको छ।

आगामी मङ्सिर १० देखि १२ गतेसम्म हुने महाधिवेशनका लागि जिल्लाले दुई स्थान सिफारिस गरेको हो।

एमाले चितवनका अध्यक्ष पार्वती रावलले महाधिवेशनकोतयारीसुरुआतभएको जानकारीदिनुभयो । यसका लागि स्थानको स्थलगत अवलोकन गर्ने काम भइरहेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "महाधिवेशनको उद्घाटन सत्र नारायणी नदी किनार र बन्द सत्र सौराहामा गर्ने गरी केन्द्रलाई सोमबार सिफारिस पठाउँदै छौं ।" उद्घाटन सत्रमा पाँच लाखभन्दा बढी जनसहभागिता हुने भएकोले नारायणी नदी किनारको खुल्ला ठाउँ छनोट गरिएको उहाँको भनाइ छ । सर्वसाधारणलाई सहज हुने गरी उक्त ठाउँ उद्घाटन सत्रका लागि उपयुक्त हुने रावलले बताउनुभयो । यस्तै महाधिवेशन प्रतिनिधि अधिकांशलाई सौराहामा आवासको व्यवस्था हुने भएकाले बन्द सत्र सोही ठाउँमा गर्न सहज हुने गरी सिफारिस गर्न लागिएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "महाधिवेशन प्रतिनिधि अधिकांशलाई हामीले सौराहामा आवासको व्यवस्था गर्दै छौं, त्यही बन्द सत्र भयो भने सहज हुन्छ ।"

अधिवेशनकै सन्दर्भमा आइतबार नारायणी नदी किनार र सौराहाको स्थलगत अवलोकन गरिएको अध्यक्ष रावलले जानकारी दिनुभयो । एमाले नेता सुरेन्द्र पाण्डे, काशीनाथ अधिकारीलगायतकाको उपस्थितिमा अवलोकन गरिएको हो । यस्तै पार्टीका नेताले सौराहाका होटल व्यवसायीसँग महाधिवेशनको उपयुक्त ठाउँको बारेमा छलफल भएको जनाइएको छ । व्यवसायी सकारात्मक रहेको र सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाएको उहाँले जानकारी दिनुभयो । यसैगरी आइतबार नै जिल्लाकासुरक्षानिकायकाप्रमुखसँग पनि महाधिवेशनका सन्दर्भमा छलफल भएको छ । यसैबीच एमाले चितवनले जिल्लाका ९८ मध्ये ९० वडा वडामा सर्वसम्मत नेतृत्व चयन गरेको छ । आठ वडामा सर्वसम्मत हुन सकेको छैन। ती वडामा पनि सर्वसम्मत रुपमा नेतृत्व चयन गर्न गृहकार्य भइरहेको अध्यक्ष रावलले बताउनुभयो ।

यही कात्तिक ५ गते सम्पन्न वडा अधिवेशनमा भरतपुर महानगरका तीन वडा, खैरहनी नगरपालिकामा तीन, कालिका नगरपालिका दुई वडाबाहेक अन्य वडामा सर्वसहमत भएको हो । उहाँका अनुसार यही कात्तिक ९ गते जिल्लाका सात पालिकामध्ये छ पालिकाको अधिवेशन हुनेछ । भरतपुर महानगरपालिकाको भने केही दिनपछि अधिवेशन गर्ने तयारी गरिएको छ।




# स्वास्थ्य सेवालाई अपाङ्गता समावेशी बनाउन सरोकारवालाहरुको जोड

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ कार्तिक**

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल गण्डकी प्रदेश कार्यलयको आयोजनामा पोखरामा भएको अपाङ्गता भएका ब्यक्तिहरुको स्वास्थ्य र पुनर्स्थापना तथा प्रादेशिक स्वास्थ्य नीतिमा सवाल समाबेश सम्बन्धी अन्तरक्रिया कार्यक्रमका सहभागीहरुले स्वास्थ्य सेवालाई अपाङ्गता समावेशी बनाउनु पर्ने कुरामा जोड दिएका छन ।

कार्यक्रममा प्रदेश स्वास्थ्य निर्देशनालयको तर्फबाट प्रस्तुतिकरण राख्दै कुष्ठरोग नियन्त्रण तथा अपाङ्गता ब्यवस्थापन केन्द्र गण्डकी प्रदेशका निरिक्षक लक्ष्मण बस्यौलाले बिभिन्न नितिले स्वास्थ्य सेवा प्रवाहलाई अपाङ्गता समावेशी बनाउनुपर्नेमा जोड दिएको बताए ।

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल गण्डकी प्रदेश कार्यलयको तर्फबाट प्रस्तुतिकरण राख्दै अध्यक्ष खोमराज शर्माले अपाङ्गता भएका व्यक्तिहरुको सिघ्र पहिचानको लागी जनशक्ति र अस्पतालहरु क्षमता बिकास गर्नुपर्ने, सहायक सामाग्री बितरण गर्दा नापचाँच



गरी प्रयोग सम्वन्धी तालिम सहित बितरण गर्नुपर्ने, बिभिन्न थेरापी सेवाहरु उपलब्ध गराउनुपर्ने, नियमित जाँच परामर्श र औषधिहरु निशुल्क उपलव्ध गराउनुपर्ने, अत्यावस्यक औषधि (फ्याक्टर) नियमित आपुर्ति गर्नुपर्ने, तत्काल चाहीने मनोपरामर्श सेवा, रेफरल सेवा सरकारले उपलव्ध गराउनु पर्ने कुरामा जोड दिनुका साथै स्वास्थ्य सेवालाई अपाङ्गता समावेशी गराउन पहुँचयुक्त संरचान (सुचान प्रणाली, भवनहरु युनिभर्षल डिजाईनमा निर्माण, बहीरा अपाङ्गता भएका व्यक्तिहरुको लागी दोभाषेको ब्यवस्था, अस्पतालका बेडहरु सोही बमोजिम निरमाण) स्वास्थ्य कर्मचारीहरुको ब्यवहार, अपाङ्गता सहायता कक्ष (हेल्प देक्स) लगायतका बिषयहरुमा जोड दिनुपर्ने बताउनु भयो ।

कार्यक्रमको अतिथिको रुपमा उपस्थिह हुनुभइका पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठानका निर्देशक डा भरत बहादुर खत्रीले अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य बिमा गरेर उपचारमा सहजिकरण गर्न सकिने बताउँदै अस्पतालले सञ्चालन गरिरहेको सामाजिक सेवा इकाईलाफ अझै प्रभावकारी बनाउँदै लगिने र अपाङ्गता भएका व्यक्तिहरुलाई समस्या भए आफुहरु सहजिकरण गर्न तयार रहेको बताउनु भयो । प्रदेश स्वास्थ्य तालिम केन्द्रका प्रमूख रमेश अधिकारीले प्रदेश स्वास्थ्य तालिम केन्द्रले सञ्चालन गर्ने तालिमरुमा अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाई समावेश गर्ने गरी तालिमहरु सञ्चालन गर्ने बताउनु भयो ।

प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक खिम बहादुर खडकाले अपाङ्गता भएका व्यक्तिहरुको लागी योजना निर्माण गर्न यकिन तथ्याङ्कको अभाव रहेको र त्यस्कालागी मिलेर काम गर्नुपर्ने बताउँदै हाल प्रदेशले निर्माण गरिरहेको स्वास्थ्य नितिमा अपाङ्गता भएका व्यक्तिहरुका सवालहरु समावेस गर्न आफुले मन्त्रालयमा आवस्यक छलफल गर्ने जनाउँदै स्वास्थ्य नितिले समेटन नसकेका बिषयहरु सम्वोधन गर्न अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्यका सवालहरु सम्वोधन गर्न छुट्टै रणनिति बनाएर काम गर्न आफुहरु तयार रहेको समेत जानकारी गराउनु भयो ।

कार्यक्रममा प्रमुख अतिथिको रुपमा उपस्थित प्रदेश निति तथा योजना आयोगका सदस्य माया तिम्सिनाले अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्यको बिषय आफुलाई नयाँ भएको र उठेका बिषयहरु सम्वोधनका लागी आफुले पहल गर्ने प्रतिवधता व्यक्त गर्नुभयो ।

# पोउवा संघद्धारा पूर्व अध्यक्ष फणिन्द्रमानको सम्झना

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ कार्तिक**

पोखरा उद्योग वाणिज्य संघले आफ्ना पूर्वअध्यक्ष फणिन्द्रमान श्रेष्ठको १३ औं दिनको पुण्यस्मृतिमा श्रद्धाञ्जली सभाको आयोजना गरेको छ ।

संघका पूर्वअध्यक्ष तथा पोखराको औद्योगिकीकरणका पर्याय फणिन्द्रमान श्रेष्ठको गएको असोज २७ गते ८० वर्षको उमेरमा निधन भएको थियो । २०४७ सालदेखि २०४९ सालसम्म संघको अध्यक्ष रहेका फणिन्द्रमानले नेपालमै पहिलो पटक रारा चाउचाउको उत्पादन थालेका थिए ।

पूर्वबेलायती सेनासमेत रहेका फणिन्द्रले पोखरामै विदेशीको रोजाइमा रहेको म्याक्रोनी, वेफर बिस्कुटजस्ता नविनतम् उत्पादनमात्रै थालेनन्,छरिएको पूँजीलाई एकीकृत गर्दै सामूहिक रुपले उद्योगमा लगानी गर्ने परम्परा पनि बसाए । रारा चाउचाउ उत्पादन गर्ने गण्डकी नुडल्समा तत्कालीन



अवस्थामा करिब ४९ जना सेयर सदस्य जम्मा पारेर उनले सामूहिक लगानीमा जोड दिएका हुन् ।

श्रद्धाञ्जली सभामा बोल्दै पोखरा उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष बसन्त उदासले फणिन्द्रमानलाई पोखरामा कर्पोरेट कल्चरको सुरुवात गर्ने व्यक्तिको रुपमा स्मरण गरे ।

फणिन्द्रमानको जीवनीबारे प्रकाश पार्दै संघका पूर्वअध्यक्ष कृष्णमोहन श्रेष्ठले फणिन्द्रमान उद्योगको पर्यायवाची नाम भएको बताए । उनले कुनैबेला गण्डकी नुडल्स कम्पनी खरिद तथा कम्पनीबाट म्यागी चाउचाउ उत्पादन गर्ने आकर्षक प्रस्तावलाई अस्वीकार गरेर फणिन्द्रमानले 'रारा'ब्राण्ड मर्न नदिएको स्मरण गर्दै भने,'यसमानेमा उहाँ राष्ट्रवादी पनि हुनुहुन्थ्यो ।' पोखरा उद्योग वाणिज्य संघतथाकार्यक्रमकाअध्यक्षनारायण कोइरालाले संघका पूर्वअध्यक्षले पोखराको औद्योगकीकरण एवं निजी क्षेत्रको हितका लागि गरेको योगदान अविस्मरणीय हुने बताए ।

संघका उपमहासचिव केशवबहादुर खत्रीको संचालन रहेको कार्यक्रममा फणिन्द्रमानको सम्झनामा मौन धारणसहित उनका जीवनको विभिन्न आयामबारे चर्चा गरिएको थियो ।

# लागु औषध सम्बन्धी प्रशिक्षण कार्यक्रम

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ कार्तिक**

सामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा माटेपानी -१२ को अध्यक्ष बल बहादुर कार्कीको अध्यक्षतामा सोमबार यूनाईटेड एकेडेमी स्कुल पोखरा -१२ मा लागु औषध सम्बन्धी स्कुल सम्पर्क प्रशिक्षण कार्यक्रमको प्रमुख अतिथी विद्यालयका प्राचार्य वयन बहादुर गोदारको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भयो । प्रमुख अतिथी बयन बहादुर गोदारले लागु औषध एक किसिमको बिष हो यसले मानब जातिलाई नष्ट गर्छ त्यसैले यसको प्रयोग कसैले नगर्न आग्रह गर्नुभयो । बिशेष अतिथी शिव



कुमार सिंह, सन्देश माकाजुले कार्यक्रम माथी प्रकाश पर्नु भयो । कक्षा ११ र १२ का जम्मा ७५ जना विद्यार्थीलाई प्रशिक्षक सहयोगी हात नेपालका परामर्शदाता अमृत कुमार भट्टराईले प्रशिक्षण दिनु भयो । कार्यक्रममा सामुदायिक सेवा केन्द्रका पदाधिकारी प्रहरी कर्मचारी, विद्यालयका शिक्षक शिक्षिका, समाज सेवीहरु समेत उपस्थिति रहेको कार्यक्रममा स्वागत मन्तब्य उपाध्यक्ष मिरा देवी आचार्य, कार्यक्रम संचालन सचिब इन्दिरा पन्तले गर्नु भएको थियो ।

# एएफसी यू-२३ एसियन कप छनोट फुटबल : नेपाल इरानसँग पराजित

**रासस**
**काठमाडौं, ८ कार्तिक**

एएफसी यू-२३ एसियन कप छनोट फुटबलअन्तर्गत समूह चरणको पहिलो खेलमा नेपाली राष्ट्रिय यू-२३ टोली इरानसँग पराजित भएको छ ।

ताजिकिस्तानको दुशान्बेस्थित रिपब्लिकन सेन्ट्रल रङ्गशालामा आज भएको खेलमा नेपाल इरानसँग ४-० गोलअन्तरले पराजित भएको हो । खेलको पहिलो हाफमा इरानलाई गोलरहित बराबरीमा रोकेको नेपालले दोस्रो हाफमा चार गोल खान पुगेको हो । इरानका लागि खेलको ४७औं मिनेटमा मेहदीले गोल गर्नुभएको थियो ।

त्यस्तै इरानका होसेनले खेलको ७७औं र ७९औं मिनेटमा गोल गर्दै ३-० गोलको अग्रता दिलाउनुभएको थियो । यासिनले इन्ज्युरी समयको चौंथो मिनेटमा गोल गर्दै इरानलाई चार शून्यको जित दिलाए । जितसँगै समूह 'बी' मा रहेको इरानले ३ अङ्क जोडेको छ भने नेपाल अङ्कबिहिन छ ।

नेपालले अब बिहीबार हुने दोस्रो खेलमा आयोजक ताजिकिस्तानको सामना गर्नेछ । नेपालले हालसम्म एएफसीको यू-२३ एसियन कप प्रतियोगिताको छनोट चरण पार गर्न सकेको छैन । समूहको शीर्ष टोलीले एएफसी यू-२३ एसियन कप खेल्नेछन् । उज्वेकिस्तानमा हुने फाइनल चरणको प्रतियोगिता सन् २०२२ को जुन १ देखि १९ सम्म हुने तालिका रहेको छ ।

# सात अर्बको...

विभिन्न स्थानका सडक मार्गसमेत नोक्सान भएका छन् । कृषकले धान भित्र्याउने समयमा भएको वर्षाले यस वर्ष ठूलो नोक्सानी भएकाले राष्ट्रिय उत्पादनमा समेत कमी आउने अनुमान गरिएको छ । धानलगायत अन्य बाली रोप्ने समयमा रासायनिक मलको समस्या सधैँ हुने गर्दछ । मौसमका आधारमा बर्खे धान, चैते धान, भदैया धान र घैया धानसमेत उत्पादन हुने गर्दछ । नेपालमा अन्नबालीमा धानलाई प्रमुख बालीका रुपमा लिइन्छ । करिब दुई दशकदेखि प्रत्येक वर्ष असार १५ लाई राष्ट्रिय धान दिवसका रुपमा मनाइन्छ । मुलुकको कुल गार्हस्थ उत्पादनमा करिब ३२ प्रतिशत कृषि क्षेत्रले योगदान गरेको छ । त्यसमा पनि कृषि गार्हस्थ उत्पादनमा धानको योगदान करिब २० प्रतिशत छ । खाद्य तथा पोषण सुरक्षाका दृष्टिबाट मानिसलाई आवश्यकपर्ने क्यालोरी चामलमा राम्रो हुन्छ ।

कूल जनसङ्ख्याको करिब ६५ प्रतिशत यस क्षेत्रमा आश्रित छन् । मुलकमा राम्रो धानखेती हुने क्षेत्र तराई भए पनि पहाडमा हावापानीअनुसारको स्थानीय धान उत्पादन हुने गर्दछ । उच्च क्षेत्र जुम्लालगायत केही हिमाली जिल्लामा पनि स्थानीय धानखेती हुने गर्दछ । मनाङ र मुस्ताङबाहेक अन्य जिल्लामा धानको खेती हुन्छ । देशको करिब १६ लाख हेक्टरमा धानखेती भइरहेको मन्त्रालयले जनाएको छ । हाल ६३ जातका धानको खेती गरिन्छ भने पछिल्लो पाँच वर्षयता करिब ५० देखि ५६ लाख मेट्रिकटन धान उत्पादन हुने गरेको अभिलेख छ । "केही दशक अगाडि हामीले विदेशमा चामल निर्यात गर्ने गरेकामा केही वर्षदेखि चामल आयात गरेका छौँ", प्रवक्ता सञ्जेलले भन्नुभयो । गत वर्ष नेपालले करिब रु ५० अर्बको चामल आयात गरेको मन्त्रालयले जनाएको छ । यसले व्यापार घाटालाई बढाएको छ भने राष्ट्रिय अर्थतन्त्रलाई नकारात्मक असर पुऱ्याएको छ । विश्वका ११४ मुलुकमा धानको उत्पादन हुने गरेको छ । सबैभन्दा बढी धान उत्पादन गर्ने मुलुक चीन हो । विश्वमा करिब १७ करोड हेक्टर जमिनमा धान खेती गरिन्छ भने करिब ७५ करोड मेट्रिकटन धान उत्पादन हुन्छ । कूल उत्पादनको ८० प्रतिशत धान खपत एशियामा हुने गरेको छ ।

# गाउँ फर्किने नागरिकलाई एक लाख अनुदान

**पोखरापत्र संवाददाता**
**तनहुँ, ८ कार्तिक**

जिल्लाको ऋषिङ गाउँपालिका कार्यालयले गाउँ फर्क अभियानअन्तर्गत रु एक लाख अनुदान दिने निर्णय गरेको छ । जग्गाविहीन नागरिकलाई गाउँमा फर्किनका लागि आकर्षण गर्ने उद्देश्यले आवास निर्माणका लागि उक्त रकम दिने निर्णय गरेको हो ।

गाउँपालिका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठको अध्यक्षतामा आज बसेको कार्यपालिका बैठकले उक्त निर्णय गरेको हो । ऋषिङ फर्क अभियानअन्तर्गत जग्गाविहीन स्थानीयवासीलाई आवास निर्माणका लागि उक्त रकम अनुदान दिन सूचना प्रकाशित गर्ने निर्णय गरेको छ । गत असार र साउन महिनामा परेको अविरल वर्षाका कारण बाढीपहिराका कारण बस्ती स्थानान्तरणमा क्षति भएका परिवारलाई आवश्यकता हेरी आवास निर्माणका लागि रु ६० हजारसम्म अनुदान दिने निर्णय गरेको छ । उक्त बैठकले विद्यालयका इसिडी सहयोगी कार्यकर्ता र कार्यालय सहयोगीको न्यूनतम तलबमापन गर्ने शिक्षा समितिको प्रस्ताव सर्वसम्मत पारित गर्ने तथा सङ्घीय सरकारले व्यवस्था गरेअनुरुप न्यूनतम तलबमापन गर्ने निर्णय गरेको छ ।

# ७७६ संक्रमित थपिए

**रासस**
**काठमाडौं, ८ कार्तिक**

पछिल्लो २४ घण्टामा कोरोना भाइरसको ७७६ मा सङ्क्रमण पुष्टि भएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आज सार्वजनिक गरेको तथ्याङ्कमा १० हजार ८६४ जनाको परीक्षण गर्दा ७७६ जनामा सङ्क्रमण पुष्टि भएको हो । आज थपिएकासँगै देशभर सक्रिय सङ्क्रमित १० हजार ३६० जना रहेका छन् ।

पाँच सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला चार र २०० भन्दा बढी सङ्क्रमित भएका जिल्ला १४ छन् । पाँच सयभन्दा बढी सङ्क्रमण हुने जिल्ला काठमाडौं, ललितपुर, भक्तपुर र कास्की रहेका छन् । सङ्क्रमण दर १८.५ प्रतिशत छ । सङ्क्रमित शून्य रहेका जिल्ला मुगु मात्र छ । पछिल्लो २४ घण्टामा ५०१ जना सङ्क्रमणमुक्त भएका छन् । यससँगै नेपालमा हालसम्म सात लाख ८८ हजार आठ सङ्क्रमणमुक्त भएका छन् । नेपालमा सङ्क्रमणमुक्त हुने दर ९७.३ प्रतिशत छ ।


सोमबार कोरोना सङ्क्रमणबाट १३ जनाको मृत्यु भएको छ । हालसम्म सङ्क्रमणबाट ११ हजार ३६१ जनाको मृत्यु भएको छ । होम आइसोलेशन नौ हजार ६१७, संस्थागत आइसोलेशनमा ७४३, सघन उपचार कक्षमा २५४ र भेन्टिलेटरमा ७४ जना छन् । आज नै ५७ हजार ६१० जनाले कोरोना भाइरस विरुद्धको खोप लगाएका छन् । हालसम्म ८६ लाख २१ हजार ४४९ पहिलो मात्रा र ६६ लाख ४७ हजार ३३२ पूर्ण मात्राको खोप लगाइसकेका छन् ।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

न्यायमा ढिलो गर्नु अन्यायलाई स्वीकार्नु हो ।

–लेडस्टोन

## सम्पादकीय

# लोकतान्त्रिक अभ्यासमा चुक्दै कांग्रेस

लोकतान्त्रिक दावी गर्ने नेपाली कांग्रेसले वैधानिक मितिभन्दा दुई वर्ष पर पुग्दा पनि महाधिवेशन निश्चित गर्न सकेको छैन । पाँचौपटक सरेको मंसिर ९ देखि १३ सम्म कांग्रेसको १४ औं महाधिवेशन गर्ने भनिए पनि अब त्यो मितिमा नुहने निश्चित भएको छ। दशैं अगाडिबाट रोकिएको महाधिवेशन प्रक्रिया छठअगाडि गति लिने सम्भावना छैन । १४ औं महाधिवेशनका लागि तयार गरिएको निर्वाचन कार्यतालिका भद्रगोल भएको छ । यसलाई सच्याउनका लागि कांग्रेसको कुनै पनि तहको बैठक बस्न सकेको छैन। चाडपर्वको निहुँमा कार्यतालिका सार्दै जाने नियतले काम भएको छ। आगामी शुक्रबार पार्टी सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा बेलायत भ्रमणमा जाँदैछन् । त्यसलगत्तै तिहार र छठ पर्व संघारमा छ। त्यसबेला महाधिवेशन प्रक्रिया अघि बढ्ने सम्भावना छैन।

मंसिरमा हुने महाधिवेशनको लागि कांग्रेसले कार्यतालिका प्रकाशन गरेर निर्वाचन कमिटीलाई दिएको थियो। त्यसअनुसार, भदौ १८ गते देशभर वडा तहको अधिवेशन गर्ने भनेको थियो । त्यसैगरी गाउँ तथा नगर अधिवेशन २७ भदौमा गर्ने भनिएको थियो। त्यसअघि गाउँ तथा नगर अधिवेशन साउनमै गर्ने तय थियो। त्यसपछि, क्षेत्रीय अधिवेशन र प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन असोजमा तोकिएको थियो । यसैगरी, जिल्ला अधिवेशन पनि असोजमा गर्ने भनिएको थियो। प्रतिनिधि सभाको एक मात्र निर्वाचन क्षेत्र भएको जिल्लाको जिल्ला अधिवेशन ५ असोजमा तोकिएको थियो। त्यस्तै, एकभन्दा बढी निर्वाचन क्षेत्र भएको जिल्लामा १० असोजमा जिल्ला अधिवेशन हुने भनिएको थियो । नयाँ तालिका अनुसार, प्रदेश अधिवेशन १० देखि १२ कात्तिकका लागि तोकिएको थियो। तर, यो कार्यतालिका पूरै प्रभावित भएको छ। कांग्रेसले अझै प्रदेश-२ का आठ र पहाडी क्षेत्रका बाँके, कैलाली, डोल्पा, सुर्खेत र रसुवा गरी १३ जिल्लामा वडा अधिवेशन नै गर्न सकेको छैन। त्यसमध्ये, तीन जिल्ला बारा, रौतहट र रसुवाको क्रियाशील सदस्यता विवाद नै टुंगिन सकेको छैन।

कार्यतालिका अनुसार १० असोजमा नै जिल्ला अधिवेशन सकिनुपर्थ्र्यो। तर, अहिलेसम्म जम्मा १३ वटा जिल्लामा मात्रै जिल्ला अधिवेशन सकिएको छ । अहिले कांग्रेसमा महाधिवेशनको सबै प्रक्रिया ठप्प छ। दशैं अगाडिबाट रोकिएको कांग्रेसको महाधिवेशन प्रक्रिया छठ पर्वअगाडि शुरू हुने अवस्था छैन। नेता तथा कार्यकर्ताहरू पर्वको मूडमा रहेकाले महाधिवेशन प्रभावित भएको कांग्रेसका नेताहरू बताउँछन्। कांग्रेस महामन्त्री शेखर कोइरालाले आइतबार चितवन पुगेर महाधिवेशनको रोकिएको प्रक्रिया तिहारलगत्तै शुरू हुने बताएका छन्।

तिहारपछि जिल्ला अधिवेशन गरेर कांग्रेसले मंसिरमा राष्ट्रिय महाधिवेशन गर्ने सम्भावना छैन। कांग्रेसको वैधानिक व्यवस्था अनुसार, २०७६ फागुनमा १४ औं महाधिवेशन हुनुपर्दथ्यो। त्यसको चार वर्ष अगाडि २०७२ फागुनमा कांग्रेसले १३ औं महाधिवेशन गरेको थियो। त्यही महाधिवेशनबाट शेरबहादुर देउवाले कांग्रेसको केन्द्रीय कमाण्ड सम्हालेका थिए । विशेष कारणवश महाधिवेशन गर्न नसकिएको भनेर २०७६ पुसमा कांग्रेस केन्द्रीय समितिको कार्यकाल एक वर्ष थप गऱ्यो र २०७७ फागुन ७ को लागि महाधिवेशनको मिति तोकियो। त्यसबीचमा महाधिवेशन तयारीको कुनै काम कांग्रेसले गरेन। पार्टीमा क्रियाशील सदस्यता विवाद थियो। त्यसको निरूपणमा पनि कांग्रेसले ध्यान दिएर काम गरेन।

२०७६ माघमा नेपालमा पहिलोपटक देखिएको कोराना संक्रमणको असरले २०७७ सालभर नै देशलाई आक्रान्त पाऱ्यो । त्यसबेला कांग्रेसलाई महाधिवेशन सार्ने गतिलो बहाना बन्यो- महामारीको बीचमा महाधिवेशन गर्न सकिँदैन भन्ने तर्क । त्यसपछि केन्द्रीय समितिको कार्यकाल ६ महिना थपियो र २०७८ भदौ १८ मा १४ औं महाधिवेशन गर्ने भनियो। २०७८ भदौसम्ममा महाधिवेशन नगर्दा कानूनले कांग्रेस पार्टीलाई चिन्दैनथ्यो। भदौमा महाधिवेशन नगर्ने हो भने संविधानको धारा २६९ को उपधारा (४) उल्लंघन हुन्थ्यो र कांग्रेसको वैधानिकता सकिन्थ्यो। त्यसैलाई मध्यनजर गरेर कांग्रेसले भदौमा महाधिवेशन तय गरेको थियो। तर, त्यो मितिमा पनि कांग्रेसको महाधिवेशन जुरेन। देशभरको क्रियाशील सदस्यता विवाद भदौमा तोकिएको मितिका लागि बाधक बन्यो । कांग्रेसले कानूनी संकट टार्नका लागि निर्वाचन आयोगसँग परामर्श गऱ्यो।

आयोगले भदौमै वडा तहको महाधिवेशन शुरू गरेर पुससम्ममा राष्ट्रिय महाधिवेशन सक्न सहमति दिएपछि कांग्रेसले फेरि महाधिवेशन सारेर मंसिरको ९ देखि १३ सम्म आयोजना गर्ने निर्णय गरेको छ। असोज अन्तिममा आएको बेमौसमी वर्षा र बाढीका कारण ठूलो धनजनको क्षति भएपछि कांग्रेस सभापति समेत रहेका प्रधानमन्त्री देउवा देश दौडाहामा व्यस्त छन्। कांग्रेसका सह-महामन्त्री डा. प्रकाशशरण महत केही दिनअघि भारत भ्रमणमा थिए।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | आर्थिक समस्या | तुला | सहयोग मिल्नेछ |
| वृष | शारीरिक झमेला | वृश्चिक | मन चञ्चल |
| मिथुन | ब्यापारमा लाभ | धनु | कार्यमा सफलता |
| ककर्ट | झमेला बढ्ने | मकर | अप्रत्यसित लाभ |
| सिंह | सम्मान मिल्नेछ | कुम्भ | सत्कार मिल्नेछ |
| कन्या | शत्रुको भय | मीन | मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# गल्याङ नगर अस्पतालमा दन्त उपचार सेवा सुरु

**पोखरापत्र संवाददाता**
**वालिङ, ८ कार्तिक**

स्याङ्जाको गल्याङ नगर अस्पतालमा दन्त उपचार सेवा सुरु गरिएको छ । गल्याङ नगरपालिकाको व्यवस्थापनमा वडा नं ३ बल्पुकमा सञ्चालन हुँदै आएको अस्पतालले पहिलो पटक दन्त उपचार सेवा सुरु गरेको हो।

रोटरी क्लब अफ काठमाडौँ नर्थको पहलमा रोटरी क्लब अफ उक जिङजङ न्यू ताईपेय/ताईवान र रोटरी क्लब अफ आइआरडीको सहयोगमा दन्त उपचार सेवा सुरु गरिएको अस्पताल प्रशासक थानापति न्यौपानेले जानकारी दिनुभयो। रोटरी क्लबले मेसिन तथा उपकरण निःशुल्क उपलब्ध गराएको हो भने कान्तिपुर डेन्टल शिक्षण अस्पतालको प्राविधिक सहयोगमा सेवा थालिएको उहाँले बताउनुभयो । अस्पताल, रोटरी क्लब र कान्तिपुर अस्पतालबीच त्रिपक्षीय सम्झौता भएको हो । सम्झौताअनुसार दुई वर्षसम्मको सञ्चालन तथा व्यवस्थापन रोटरी क्लब र कान्तिपुर डेन्टल अस्पतालले गर्ने तथा त्यसपछि अस्पतालले व्यवस्थापन गर्ने छ । सुरुआतका क्रममा कान्तिपुर डेन्टल अस्पतालले दुई दन्त विशेषज्ञ उपलब्ध गराएको छ।

यसअघि दाँतका बिरामीले निजी क्लिनिकमा चर्को मूल्य तिर्नुपर्ने वा पाल्पा, पोखरा, वालिङलगायतका अस्पतालबाट सेवा लिँदै आएका थिए । स्थानीय अस्पतालले ठाउँ, कान्तिपुर डेन्टल शिक्षण अस्पतालले दक्षजनशक्ति र रोटरी क्लबले अन्य आवश्यक औंजार तथा उपकरण उपलब्ध गराउने सम्झौता भएको रोटरी क्लब अफ काठमाडौँ नर्थका पब्लिक ईमेज अध्यक्ष एवं कान्तिपुर डेन्टल शिक्षण अस्पतालका अध्यक्ष बुद्धिमान श्रेष्ठले बताउनुभयो।

# निलगिरि खोलाको बाँध सडक सञ्जालमा जोडियो

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ८ कार्तिक**

अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा निर्माण भइरहेको निल गिरिखोला पहिलो जलविद्युत् आयोजनाको बाँध निर्माणस्थल सडक सञ्जालमा जोडिएको छ।

निल गिरीखोला हाइड्रोपावर प्रालि प्रवर्द्धक रहेको ३८ मेगावाट क्षमताको आयोजनाको बाँध निर्माण हुन लागेको हुमखोलामा सडक पुगेको हो । यस कम्पनीले सोही ठाउँमा अर्को ७१ मेगावाट क्षमताको निलगिरि क्यासकेड जलविद्युत् आयोजना पनि निर्माण गरिरहेको छ। निलगिरि क्यासकेडको विद्युत्गृह निर्माणस्थल दोभानदेखि छोटेपा हुँदै हुमखोला जोड्ने १३ किलोमिटर सडकको पहुँचमार्ग निर्माण सकिएको आयोजनाका इञ्जिनीयर केशव वाग्लेले जानकारी दिनुभयो।

"पहुँचमार्गले जोडिएपछि बाँध निर्माणको काम पनि अघि बढेको छ", उहाँले भन्नुभयो, "यसअघि दुई वटा अडिटको चार ठाउँबाट खनिरहेको सुरुङ बाँधतर्फबाट पनि खन्न थालिएको छ।" अधिकांश ठाउँमा विस्फोटक पदार्थको प्रयोग गरी अक्करे पहाड फुटाएर सडक निर्माण गरिएको छ। समग्रमा पाँच प्रतिशत भौतिक प्रगति भएको निलगिरि पहिलोको दुई हजार २०० मिटरमध्ये १०० मिटर सुरुङ निर्माण सकिएको छ। निलगिरि क्यासकेडको बाँध र पहिलोको विद्युत्गृह निर्माण भइरहेको छोटेपामा ३० मिटर लामो बेलिब्रिज बनाइएको इञ्जिनीयर वाग्लेले बताउनुभयो। हुमखोलासम्म सडक पुगेपछि नारच्याङ हुँदै अन्नपूर्ण प्रथम हिमालको आधारशिविर जाने बाटो छोटिएको छ । नारच्याङको अन्नपूर्ण युवा क्लबका अध्यक्ष श्याम पुर्जाले यसअघि चार दिनको यात्रा अब दुई दिनमा छोटिएको बताउनुभयो।

"नारच्याङदेखि छोटेपा र छोटेपादेखि हुमखोला दुई दिनको यात्रा गाडीमा दुई घण्टामा गर्न सकिन्छ", उहाँले भन्नुभयो, "सडक यातायातको सुविधासँगै नारच्याङबाट अब बढीमा दुई दिनमा अन्नपूर्ण आधारशिविर पुग्न सकिन्छ ।" अन्नपूर्ण हिमालको आधारशिविर छोटो दूरीको पैदलयात्रामा पुग्न सकिने सम्भवत् नेपालको पहिलो आधारशिविर भएको पुर्जाले बताउनुभयो । बस्तीदेखि टाढा रहेको निलगिरीखोला जलविद्युत् आयोजना निर्माणस्थल भौगोलिकरुपमा विकट र दुर्गम क्षेत्रमा पर्छ । पहुँचमार्गको साथै बाँध, सुरुङ र विद्युत्गृह निर्माणको काम पनि धमाधम भइरहेको छ।

# प्रशासनमा टोकन प्रणाली सुरु

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ८ कार्तिक**

जिल्ला प्रशासन कार्यालय म्याग्दीले सेवाप्रवाहमा आजदेखि टोकन प्रणाली सुरु गरेको छ । सेवा प्रवाहलाई व्यवस्थित बनाउन र भीड व्यवस्थापनका लागि टोकन प्रणाली सुरु गरिएको हो। प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी रानाले सेवाग्राहीको चाप बढेपछि सेवाप्रवाहलाई व्यवस्थित बनाउन टोकन प्रणाली लागू गरेको जानकारी दिनुभयो। नागरिकता वितरणसम्बन्धी सेवामा परीक्षण गरिएको टोकन प्रणालीको प्रभावकारिता र सेवाग्राहीको प्रतिक्रियाअनुसार अन्य सेवामा पनि लागू गर्ने योजना रहेको प्रजिअ रानाको भनाइ छ।

यसैगरी सेवा लिने प्रक्रियालाई पनि सहज बनाएको छ। तीन वटा झ्यालमा पुग्नुपर्ने काम एकै ठाउँबाट हुने व्यवस्था मिलाइएको प्रजिअ रानाले बताउनुभयो । प्रशासनले सेवाग्राहीको सहजताका लागि सहायता कक्षसमेत बनाएको छ। कार्यालयमा पुग्ने वित्तिकै सहायता कक्षमा आवश्यक कागजात र प्रक्रिया पुगे नपुगेको परीक्षण गरेपछि टोकन दिनेछन्। पहिला कार्यालयमा पुग्ने सेवाग्राहीको छिटो काम हुन थालेको छ। छिटो काम गराउनका लागि भनसुन गर्नुपर्ने बाध्यता हटेको छ । सहायक प्रमुख जिल्ला अधिकारीको कार्यकक्षमा हुने भीड पनि कम भएको छ।

चाडपर्वको समयमा जन्मथलोमा आएकाले नागरिकता र प्रतिलिपि बनाउने भएकाले दशैं र तिहारको बीचको समयमा हरेक वर्ष प्रशासनमा सेवाग्राहीको भीड लाग्ने गर्छ। अर्कोतर्फ उच्च शिक्षा अध्ययन गर्न क्याम्पस भर्ना हुने तथा विदेश जान, रोजगारीका लागि पनि नागरिकता बनाउन यही समयमा बढी सेवाग्राही आउने गर्छन् । सामान्य अवस्थामा दैनिक ३० देखि ४० वटा नागरिकता हुने गर्दथ्यो । अहिले दैनिक १०० को हाराहारीमा सेवाग्राही नागरिकता बनाउन आएका कर्मचारीले बताएका छन्। जिल्लामै प्रिन्ट गरेर वितरण शुरु नहुँदा सम्मका लागि राहदानीसम्बन्धी सेवामा पनि टोकन प्रणाली लागू गर्ने प्रशासनको योजना छ। कागजमा प्रिन्ट गरेर कुपन दिने गरिएकोमा स्रोतको व्यवस्थापन गरेर विद्युतीय उपकरण जडान गर्न पहल गर्ने प्रजिअ रानाले बताउनुभयो।

# मागको ८० प्रतिशत फूल पोखरा आसपासमा नै उत्पादन

**–वासुदेव पौडेल**
**पोखरा, ८ कार्तिक (रासस)**

अधिकांश उत्पादनमा परनिर्भरता नै मौलिकता जस्तै बन्दै गएको वास्तविकतामा पोखरा फूलमा भने आत्मनिर्भर हुने क्रममा छ । तिहार नजिकिदै गर्दा यतिखेर पोखरा र आसपासका पुष्प व्यवसायी भने फूल्दै गरेको सयपत्रीलगायत फूल स्याहार्न व्यस्त देखिन्छन् । तिहारमा घरघरमा दाजुभाइ तथा दिदीबहिनीका गलामा पुग्ने फूल पछिल्ला वर्षमा स्थानीय उत्पादनमा आकर्षण बढ्दै गएका कारण पनि बर्सेनि पुष्प व्यवसायतर्फ सर्वसाधारणको आकर्षण बढिरहेको फ्लोरीकल्चर एशोसिएशन कास्कीका अध्यक्ष डीलबहादुर गुरुङले बताउनुभयो।

"घाँटीमा लगाइने मालाका लागि बाहिरबाट आयातित फूल भन्दा पनि सकेसम्म स्थानीय उत्पादनकै प्रयोग गर्ने क्रम बढेका कारण तिहारका लागि बजारमा यहीँ उत्पादित फूल बढी माग हुने गरेको छ", उहाँले भन्नुभयो, "यसवर्ष मागको झण्डै ८० प्रतिशत फूल पोखरा र आसपासमा नै उत्पादन भएको छ।"

परनिर्भरताकै कारण समयसमयमा हुने गरेका नाकाबन्दी, यातायात असहजता, महँगी आदिका कारण पनि उत्पादक र उपभोक्ता दुवै स्थानीय उत्पादनतर्फ आकिर्षत बन्दै गएका छन् । पोखरा महानगरपालिकाको कृषि महाशाखा प्रमुख मनोहर कडरियाका अनुसार पछिल्ला वर्षमा फूल खेतीतर्फ आकर्षण बढिरहे पनि कोरोना महामारी, समस्यामा पर्ने गरेका प्राकृतिक विपत्ति आदिका कारण यस व्यवसायमा केही न केही प्रभाव पारेको छ।

यसवर्ष तिहारका लागि लगाइएको फूलखेतीमा दसैंलगत्ते परेको पानीले केही क्षति पुऱ्याएको जनाउँदै उहाँले समयक्रम मिलाएर नलगाउदा पनि कतिपय स्थानका किसान समस्यामा परेको बताउनुभयो । पछिल्ला वर्षमा कतिपय सर्वसाधारणले घरबारी तथा कौशीमा तिहारका लागि फूल लगाउने क्रम पनि उत्तिकै बढेको पाइन्छ । अघिल्लो वर्ष तिहारका लागि बाहिरबाट फूल कम नै आएको र स्थानीय उत्पादन नै बढी बिक्री भएको कृषि उपज बजार केन्द्र पृथ्वीचोकका सूचना अधिकारी रुपा दाहालले जानकारी दिनुभयो । कास्कीभित्र लेखनाथ, भरतपोखरीको बागमारा, कालिका, मालेपाटन, विरौटा, बाटुलेचौरलगायत स्थानमा फूलको व्यावसायिकखेती हुने गरेको छ । फूलैफूलको चाडको उपमा पाएको तिहारमा दाजुभाइ दिदीबहिनीका गलामा लगाउने मालाका साथै घर सजाउने, गाई, गोरु, कुकुर आदिलाई पनि माला लगाइने भएकाले फूलको राम्रै खपत हुने गर्दछ।

फ्लोरीकल्चर एशोसिएशन कास्कीमा हाल ३५ व्यवसायी आवद्ध रहेका अध्यक्ष गुरुङले जानकारी दिनुभयो । जिल्लामा फूलखेतीको व्यावसायिकता वृद्धिसँगै यसलाई व्यवस्थित बनाउने लक्ष्यका साथ २०६३ सालयता एशोसिएशनमा आबद्ध भई व्यवसायी क्रियाशील बनेका हुन्। पोखरा र आसपासमा उत्पादित सयपत्री फूलको प्रति थुङ्गा लगभग पाँच रुपैयाँ पर्दछ। यहाँ उत्पादित फूल आकर्षकसँगै आकार पनि केही ठूलो हुने भएकाले सामान्यतः एउटा माला तयार गर्न २० देखि २५ थुङ्गाले पुग्ने व्यवसायी बताउँछन् । उनीहरूका अनुसार तिहारमा प्रति मालाको न्यूनतम १०० रुपैयाँदेखि १५०सम्म पर्ने गर्दछ। पोखरामा करिब ३०० प्रजातिका फूलको व्यवसायीक खेती हुँदैआएको छ।

पछिल्ला वर्षमा मौसम, फूल्ने अवधिलगायत कुरालाई ध्यानमा राख्दै व्यवसायीले फूलखेती गर्ने गरेका छन्। एशोसिएशनका अध्यक्ष गुरुङका अनुसार सामान्यतः सयपत्री फूल बेर्ना जमाएको ९० दिनमा फूल्ने गर्दछ । समयक्र मिलाएर लगाइका कारण व्यवसायीले लगाएका फूल तिहारका लागि ठिक्क तयार हुने अवस्थामा रहेको उहाँले जानकारी दिनुभयो।

# तनहुँका दुई पालिकामा कोरोना दर शून्य

**पोखरापत्र संवाददाता**
**तनहुँ, ८ कार्तिक**

तनहुँका १० पालिकामध्ये दुई पालिका कोरोनामुक्त बनेको छ । जिल्लाको आँबुखैरेनी गाउँपालिका र देवघाट गाउँपालिकामा कोरोनाको सङ्ख्या शून्य दर रहेको हो। तनहुँमा हाल २८ जना सक्रिय सङ्क्रमित रहेको स्वास्थ्य कार्यालय तनहुँले जनाएको छ।

व्यासनगरपालिकामा नौ, शुक्लागण्डकी नगरपालिकामा आठ, भिमाद नगरपालिकमा तीन, भानु नगरपालिकमा तीन, ऋषिङ गाउँपालिकामा दुई, घिरिङ र बन्दीपुरमा एक/एकजना कोरोना सङ्क्रमित रहेका छन् । आठ जना कोरोना सङ्क्रमित निको भएर घर फर्किएको स्वास्थ्य कार्यालय तनहुँका प्रमुख शङ्करबाबु अधिकारीले जानकारी दिनुभयो।

तनहुँमा ८५ हजार ८०० लाई पहिलो खोप र ६४ हजार ९८० ले दोस्रो खोप लगाएका छन्। वैशाखदेखि हालसम्म १२४ जनाले कोरोनाका कारण ज्यान गुमाएका छन्। कोरोना सङ्क्रमण घट्दै गए पनि सुरक्षामापदण्ड अपनाएर मात्रै पेशा व्यवसाय र हिँड्डुल गर्न स्वास्थ्य कार्यालयले सर्वसाधारणमा आग्रह गरेको छ।

त्यसैगरी स्वास्थ्य कार्यालय तनहुँले जिल्लाभर ६७ हजार दुई बालबालिकालाई 'भिटामिन ए' र जुकाको औषधि खुवाइने लक्ष्य रहेको जनाएको छ। त्यस्तै ६ महिना माथिका पाँच वर्ष मुनिका ३६ हजार २०० जनालाई भिटामिन ए खुवाइनेछ । त्यसैगरी एक वर्षमाथि पाँच वर्ष मुनिका ३१ हजार बालबालिकालाई जुकाको औषधि खुवाइने स्वास्थ्य कार्यालयका प्रमुख अधिकारीले बताउनुभयो । कात्तिक ७ गते टोल-टोलमा खोप केन्द्र राखेर बालबालिकालाई भिटामिन ए र जुकाको औषधि खुवाइए पनि छुट भएकालाई कात्तिक ८ गते घरघरमा गएर खुवाइने उहाँले बताउनुभयो। जिल्लामा चार सय ६६ जना महिला स्वास्थ्य स्वयसेविका रहेका छन्। यसैगरीव्यासनगरपालिकाले दमौली अस्पताललाई नपुग करिब बाह्र रोपनी जग्गा उपलब्ध गराउन गण्डकी प्रदेश सरकारसँग माग गर्ने निर्णय गरेको छ । व्यास नगरपालिकाको नियमित बैठक नगरप्रमुख बैकुण्ठ न्यौपानेको अध्यक्षतामा आइतबार बसेको बैठकले सो निर्णय गरेको हो।

अस्पताललाई नपुग जग्गा कृषि विकास कार्यालय र पशु विकास कार्यालय, तनहुँबाट उपलब्ध गराउन गण्डकी प्रदेश सरकारसँग अनुरोध गर्ने निर्णय गरेको व्यास नगरपालिकाका सूचना प्रविधि अधिकृत विशाल पण्डितले जानकारी दिनुभयो। पचास शय्या क्षमताको अस्पताल बनाउनको लागि उक्त बाह्र रोपनी अपुग देखिएपछि पहलकदमी थालिएको उहाँले बताउनुभयो । दमौली अस्पतालमा १५ शय्याको लागि स्वीकृति भए पनि ४२ शय्या चलाउदै आएको दमौली अस्पतालका प्रमुख डा सुनिल पौडेलले जानकारी दिनुभयो। पचास शय्या (सेकेन्डरी लेभल)को अस्पताल बनाउन कम्तीमा ३५ रोपनी जग्गा आवश्यक पर्ने भएपनि अस्पतालको लालपुर्जा चार रोपनी र चर्चिदै आएको सार्वजनिक जग्गा समेत गरी १५ रोपनी १४ आना रहेको उहाँले बताउनुभयो।

त्यसैगरी उक्त बैठकले गत असोज २२ गते भएको कार्यपालिका बैठकका निर्णयको समीक्षा गर्दै कार्यान्वयन हुन बाँकी रहेका विषयमा सम्बन्धित शाखालाई कार्यान्वयन प्रकिया अघि बढाउन निर्देशन दिइएको छ। नगरपालिकाको मूलभवनमा तला थप, व्यास नगर कोभिड अस्पताल लगायतका योजनाको बोलपत्र प्रक्रियाको प्रतिवेदन एवं अन्य काम सम्पन्न नभएका स्वीकृत योजना र अब बोलपत्र गर्नुपर्ने कार्यको समीक्षा गरेको छ । साथै बैठकले योजनाकार्यलाई छिटो सम्पन्न गर्न पूर्वाधार विकास शाखालाई निर्देशन दिने निर्णय गरेको छ। ज्येष्ठ नागरिकलाई प्राथमिकतामा राखेर २०७८ कात्तिक ११, १२ र १३ गते दमौलीस्थित बालमन्दिर माध्यमिक विद्यालयमा हिमालय आँखा अस्पताल घारीपाटन पोखराको प्राविधिक सहयोगमा निःशुल्क आँखा शिविर सञ्चालन गर्ने निर्णय गरेको छ। दमौली वरपर पराशर आश्रम क्षेत्र, अनशन चौतारी- सेन्ट्रल पार्क, बिपी वन वाटीका खेलमैदानमा सहरी हरियाली परियोजना प्रस्तावको लागि सङ्घीय वन तथा वातावरण मन्त्रालय सिंहदरबारमा पेश गर्ने निर्णय भएको छ।

**शिक्षक आवश्यकता**

**पोखरा महानगरपालिका २०, मौजा, कास्की स्थित श्री हिमालय मा.वि. मा तपसिल बमोजिमको शिक्षक पद रिक्त भई नियुक्ति गर्नुपर्ने भएकोले योग्य उम्मेदवारहरूले दरखास्त दिनु हुन यो सूचना प्रकाशित गरिएको छ।**

**तपसिल**

**शैक्षिक योग्यता** : आइ.एड. वा सो सरह
**पद** : करार शिक्षक **तह र श्रेणी** : प्रा.वि. तृतीय
**पद संख्या** : १ जना
**उमेर** : १८ वर्ष पूरा गरी ४० वर्ष ननाघेको
**छनोट प्रक्रिया** : लिखित र अन्तरवार्ता
**दरखास्त बुझाउने अन्तिम मिति** : २०७८/०७/२३ गते दिउँसो ४:०० बजेसम्म
**पाठ्यक्रम** : शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम
**आवेदन शुल्क** : रु.१०००/- (अक्षरुपी एक हजार रूपैयाँ मात्र)
**तलब भत्ता** : नेपाल सरकारको प्रचलित स्केल बमोजिम
**दरखास्त बुझाउने स्थान** : विद्यालय
**आवेदन साथ पेश गर्नुपर्ने कागजात** : निवेदन सहित शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु, स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रतिलिपि, निरोगिताको प्रमाणपत्र
**सम्पर्क मिति** : २०७८/०७/२४ गते बिहान १०:०० बजेदेखि दिउँसो ४:०० बजेसम्म परीक्षा कार्यक्रम सम्पर्क मितिमा तोकिने छ।
**सम्पर्क नं.** : ९८०६७४२४९८, ९८४६०५४१५१

**श्री हिमालय माध्यमिक विद्यालय**
**पोखरा-२०, मौजा, कास्की**

# एक वर्षपछि घर निर्माणका लागि सम्झौता

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ८ कार्तिक**

जिल्लाको अन्नपूर्ण गाउँपालिकाका मनसुनजन्य विपद् प्रभावितको पुनःस्थापना गर्न निजी आवास पुनःनिर्माणका लागि एक वर्षपछि बल्ल अनुदान सम्झौता भएको छ।

विसं २०७७ को बर्खा याममा पहिरो, कटान र बाढीले घरबास गुमाएका पहिरोपीडितको लागि रु पाँच लाखका दरले अनुदान उपलब्ध गराउन आइतबार पोखरेबगरस्थित गाउँपालिकाको कार्यालयमा सम्झौता गरी अभिमुखीकरण गरिएको हो। बीस लाभग्राहीसँग अनुदान सम्झौता गरी घरको नमूना, मापदण्ड, अनुदानको किस्ता भुक्तानी, प्रविधि र प्रक्रियाको विषयमा अभिमुखीकरण गरिएको गाउँपालिकाका इञ्जिनियर ईश्वरबहादुर भण्डारीले जानकारी दिनुभयो। गत वैशाखमा पारित भएको कार्यविधिअनुसार कोरोना र बर्खाका कारण तत्काल घर निर्माण गर्ने सम्भावना नदेखिएपछि ढिलाइ भएको उहाँले बताउनुभयो। अनुदानमध्ये गाउँपालिकाले पहिलो किस्ताबापतको दश प्रतिशत रु ५० हजारका दरले पीडितको खातामा पठाउनेछ। दोस्रो किस्ता रु दुई लाख पचास हजार र तेस्रो किस्ता घर निर्माण सकिएपछि रु दुई लाख उपलब्ध गराउने व्यवस्था छ।

गाउँपालिकाका अध्यक्ष डमबहादुर पुनले यस वर्षको बर्खामा पनि घरबास गुमाएकाको पहिचान गरेर जिल्ला विपद् व्यवस्थापन समितिमा सिफारिस गरिएको र स्वीकृत भएपछि अनुदान सम्झौता र पुनःनिर्माण प्रक्रिया अघि बढाइने जानकारीदिनुभयो।

यसैगरी हालै बाहिरिएको यस वर्षका मनसुनका समयमा भएको विपद्जन्य घटनाबाट जिल्लाको रघुगङ्गा गाउँपालिकामा २५ घर भत्किएका छन्। पहिरो, बाढी, कटानका कारण घरबास गुमाएकालाई तत्काल रु चार लाख ७० हजार राहत नगद वितरण गरेको गाउँपालिकाले उनीहरूको निजी आवास पुनःनिर्माणका लागि सङ्घीय र प्रदेश सरकारसँग साझेदारी गर्ने जनाएको छ। प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले मनसुनजन्य विपद्बाट क्षति भएका निजी घरको लगत सङ्कलन गरेर पुनःनिर्माणका लागि जिल्ला विपद् व्यवस्थापन समितिमा सिफारिस गरिएको जानकारी दिनुभयो।

"सबै घरको जनप्रतिनिधि, प्राविधिक र प्रहरीको टोलीले स्थलगत अध्ययन गरेर प्रतिवेदन तयार पारि प्रशासनमा सिफारिस गरेका छौँ", उहाँले भन्नुभयो, "पालिका, प्रदेश र सङ्घीय सरकारको साझेदारीमा पहिरोपीडितको निजी आवास पुनःनिर्माण प्रक्रिया अघि बढाएका छौँ।" वडा नम्बर १ बेगमा तीन, वडा नम्बर २ भगवतीमा छ, वडा नम्बर ३ पिप्लेमा नौ, वडा नम्बर ४ दग्नाममा पाँच, वडा नं ५ झिँ र ८ नम्बर वडा कुइनेमङ्गलेमा एक/एक वटा घरमा क्षति पुगेको छ। पूर्ण क्षति भएका १० वटा घरलाई रु २५ हजार, आंशिक क्षति भएका १४ घरलाई रु १५ हजार र सामान्य क्षति भएका एक घरलाई रु दश हजारका दरले रु चार लाख सत्तरी हजार राहत वितरण गरेको छ।

गत २०७७ को बर्सातमा क्षति पुगेका रघुगङ्गाका १७ वटामध्ये चार वटा म्याग्दी प्रवासी नेपाली सङ्घ मोनाले पुनःनिर्माण गरेर हस्तान्तरण गरिसकेको छ। बाँकी १३ वटा घरलाई रु पाँच लाखका दरले अनुदान उपलब्ध गराउने सम्झौता गरी पुनःनिर्माण सुरु गरेका छन्। गाउँपालिकाले उपलब्ध गराउने दश प्रतिशतले हुन आउने रु ५० हजारका दरले सबै पीडितको खातामा पठाइसकेको छ।

# दोर्दीले पुसबाट बिजुली उत्पादन थाल्ने

**रासस**
**लमजुङ, ८ कार्तिक**

आगामी तीन महिना अर्थात् पुस महिनाको अन्तिम साताबाट लमजुङमा निर्माणाधीन दोर्दी-१ जलविद्युत् आयोजनाबाट व्यावसायिकरूपमा बिजुली उत्पादन हुनेभएको छ। दोर्दी गाउँपालिका-६ ढोडेनीमा निर्माणाधीन १२ मेगावाट क्षमताको यस आयोजनाको काम तीन महिनाभित्रै सम्पन्न हुने भएसँगै पुसदेखि बिजुली उत्पादन हुनेभएको हो।

आयोजना प्रमुख उज्ज्वल सिलवालले भन्नुभयो, "आयोजनाको अधिकांश काम सम्पन्न भइसकेको छ।" हालसम्म ९० प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ भने १० प्रतिशत मात्र काम बाँकी रहेकाले तीन महिनाभित्रै सम्पन्न गर्दै बिजुली उत्पादन हुने उहाँको भनाइ छ। बिजुली उत्पादन गर्ने लक्ष्यअनुरुप काम अघि बढाइरहेकाले अब पुस महिनाभित्रै बिजुली उत्पादन हुने उहाँले बताउनुभयो। यतिबेला विद्युतीय उपकरण जडान, पाइप जडान कार्य र वाइरिङको काम भइरहेको छ। विद्युत् उपकरण जडानको कार्य ९० प्रतिशत सम्पन्न भएको र अब एक महिनाभित्र काम सम्पन्न हुने आयोजनाले जनाएको छ। आयोजनाको ७०० मिटर पेनस्टक पाइपमध्ये ५० मिटर पाइप जडान हुन बाँकी छ। यस आयोजनाको दुई हजार ५१५ मिटर लामो रहेको सुरुङ ब्रेक थ्रु भइसकेको छ। त्यस्तै सिभिल संरचना निर्माणको काम सम्पन्न भएको छ। आयोजनाको बिजुली १३२ केभी कीर्तिपुर सवस्टेशनमा जोडिने छ। बाँधस्थलबाट कीर्तिपुरसम्म साढे तीन किलोमिटर रहेको छ। यहाँ १५ वटा टावर राख्ने काम सम्पन्न भएको र अब तार जोड्ने कार्य मात्र बाँकी रहेको आयोजनाले जनाएको छ। अधिकांश निर्माणका कार्य सम्पन्न गरिसकेको यस आयोजनाले यसअघि निर्माण कार्य लम्बिँदै गर्दा विद्युत् उत्पादन मिति पटकपटक म्याद राख्दै सार्दै आएको थियो। यसअघि गत असार महिनादेखि व्यावसायिकरूपमा बिजुली उत्पादन गर्ने आयोजनाको लक्ष्य रहेको थियो तर कोभिड तथा बाढीपहिराले आयोजनामा पुऱ्याएको क्षतिलगायतका कारण देखाउँदै आएको छ। गतअसारमा आयोजनाको हेडबक्स, पावर हाउसलगायत विभिन्न स्थानमा बाढीपहिराले क्षति पुगेपछि पुनः निर्माण अवधि लम्बिएको आयोजनाले जनाएको छ। रु दुई अर्ब २९ करोडको लगानीमा निर्माण कार्य सक्ने लक्ष्यका साथ विसं २०७४ बाट थालनी गर्दै विसं २०७६ चैत महिनामा सक्ने आयोजनाको लक्ष्य थियो तर निर्माण अवधि कोभिड बाढीपहिरोलगायत विविध कारणले गर्दा लम्बिन पुग्दा लागत बढ्ने आयोजनाले जनाएको छ। आयोजनाका अनुसार उक्त रकमभन्दा करिब रु ३० करोड बढी लाग्ने भएको छ। आयोजनामा हाल ७० जना कामदारले काम गरिरहेका छन्। आयोजनाले नेपाल विद्युत् प्राधिकरणसँग वर्षायाममा चार रुपैयाँ ८० पैसा र सुक्खायामका लागि आठ रुपैयाँ ४० पैसामा विद्युत् खरीद सम्झौता (पिपिए) गरेको छ।

# तीन महिनामा चार हजार राष्ट्रिय परिचयत्र सङ्कलन

**पोखरापत्र संवाददाता**
**दमौली, ८ कार्तिक**

राष्ट्रिय परिचयपत्रका लागि तनहुँ जिल्लामा तीन महिनाका अवधिमा चार हजारभन्दा बढीको विवरण सङ्कलन गरिएको छ। चालु आर्थिक वर्षको साउनदेखि असोज मसान्तसम्म जिल्लाका चार हजार ३९० ले विवरण दर्ता गराएका हुन्।

सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालका अनुसार एक हजार ९०५ महिला र दुई हजार ४८५ पुरुषले राष्ट्रिय परिचयपत्रका लागि नाम दर्ता गराएका छन्। जिल्ला प्रशासन कार्यालयमा विसं २०७६ साउन ६ गतेदेखि राष्ट्रिय परिचयपत्रका लागि दुई स्टेशन स्थापना गरिएको छ।

प्रशासन कार्यालयबाट नागरिकता बनाएलगत्तै सर्वसाधारणको विवरण दर्ताको व्यवस्था मिलाइएको छ। "नागरिकता बनाउन आउने सबैलाई राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता गर्न सहजीकरण गरिएको छ", उहाँले भन्नुभयो। परिचयपत्रका लागि आवेदन फाराम भर्दा १६ वर्ष उमेर पुगेका र नेपाली नागरिकताको प्रमाणपत्र पाएका नागरिकले नामथर, जन्ममिति, लिङ्ग, आमाबाबुको नाम, ठेगाना, नागरिकताको किसिम, पति र पत्नी नाम, बाजेको नाम उल्लेख गर्नुपर्छ। यस्तै फारममा औंलाछाप (१० वटा), आँखाको नानी, तस्वीर, राष्ट्रियता र हस्ताक्षर उपलब्ध गराउनुपर्छ। पहिलो चरणमा गण्डकी प्रदेशका तनहुँ र स्याङ्जामा राष्ट्रिय परिचयपत्र वितरणका लागि विवरण सङ्कलन शुरु भएको थियो। सरकारबाट नेपाली नागरिकलाई प्रदान गर्ने सेवासुविधालाई राष्ट्रिय परिचयपत्र प्रणालीमा आबद्ध गर्नाका साथै सो प्रणालीबाट प्राप्त हुने तथ्याङ्क तथा अभिलेख नीति एवं योजना निर्माणमा प्रयोग हुनेछ। यसले व्यक्तिको राष्ट्रिय पहिचानपत्र र मतदाता परिचयपत्रका रुपमा काम गर्ने सबै किसिमका सार्वजनिक सेवा प्राप्त गर्ने आधार दिनेछ। सामाजिक सुरक्षा कार्डका रुपमा यही कार्ड प्रयोग हुनेछ। यसले सुरक्षा व्यवस्थापनका लागि सहयोगी अभिलेखको काम गर्नेछ। अन्य सार्वजनिक सेवासँग राष्ट्रिय परिचयपत्र प्रणालीलाई आबद्ध गरेपछि सार्वजनिक सेवा प्रदायक निकायले झन्झटरहित, छोटो समय र कम लागतमा सेवा प्रदान गर्न सम्भव हुनेछ। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले जन्म, मृत्यु, बसाइँसराइ तथा अन्य कारणबाट व्यक्तिगत सूचनामा परिवर्तन भएमा सोहीअनुसारकोअभिलेखव्यवस्थापन गर्ने प्रणालीको स्थापना तथा विकास गरेको छ। राष्ट्रिय परिचयपत्र नम्बर र राष्ट्रिय परिचयपत्रलाई बहुउपयोगी प्रणालीका रुपमा सरकार र सरकारबीच (जिटुजी), सरकार र व्यवसायीबीच (जिटुबी) र सरकार र नागरिकबीच (जिटुसी) सेवा प्रदान गर्न उपयोग हुनेछ।

जिप्रकाले तीन महिनाका अवधिमा दुई हजार ९४० नागरिकता वितरण गरेको छ। वंशजका आधारमा दुई हजार ९३५ र वैवाहिक अङ्गिकृतका आधारमा पाँच नागरिकता वितरण गरिएको छ। सोही अवधिमा एक हजार ६६६ नागरिकताको प्रतिलिपि वितरण गरिएको छ। कार्यालयले एक हजार ७२ राहदानी वितरण, दुई हजार ३३५ जिल्लाबाट सिफारिस र ४२१ द्रुत सेवा सिफारिस गरेको छ। बाह्र जना विपद्बाट पीडित भएकामा कार्यालयले रु पाँच लाख ४८ हजार आर्थिक सहायता रकम प्रदान गरेको छ। एघार मुद्दा दर्ता भएकामा गत वर्षको समेत गरी १३ मुद्दा फर्छ्योट भएको छ।

आदिवासी जनजाति प्रमाणित ७६५, दलित प्रमाणित २९९, पेन्सन सिफारिस २३६ र एक हजार ४३ अन्य सिफारिस गरिएको छ। कार्यालयमा उक्त अवधिमा ३४ नयाँ संस्था दर्ता भएका छन् भने ४२५ संस्था नवीकरण भएका छन्।

# बाढी र डुबानबाट धानबालीमा भएको क्षतिको अध्ययन गर्न कार्यदल गठन

**रासस**
**काठमाडौं, ८ कार्तिक**

सरकारले बेमौसमी वर्षाका कारण आएको बाढी तथा डुबानबाट धानबालीमा भएको क्षतिको अध्ययन गर्न कार्यदल गठन गरेको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले गृह मन्त्रालयको सचिवको संयोजकत्वमा कार्यदल गठन गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले जानकारी दिनुभयो। कार्यदलमा कृषि तथा पशुपक्षी विकास, अर्थ, उद्योग, वाणिज्य तथा आपूर्ति, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव र राष्ट्रिय योजना आयोगका सचिव सदस्य रहेका छन्। कार्यदललाई तीन दिनभित्र प्रतिवेदन पेश गर्न कार्यादेश दिइएको छ।

बैठकले नेपाल वायु सेवा निगमका अध्यक्ष सुशील घिमिरेले दिएको राजीनामा स्वीकृत गरेको छ। बैठकले निगमको कार्यकारी अध्यक्षमा युवराज अधिकारीलाई नियुक्त गर्ने निर्णय गरेको छ।

# धवलागिरि अस्पताल पदाधिकारीविहीन

**पोखरापत्र संवाददाता**
**बागलुङ, ८ कार्तिक**

उपप्रादेशिक तहमा स्तरवृद्धिको घोषणा गरिएको धवलागिरि अस्पताल पदाधिकारीविहीन अवस्थामा छ। अघिल्लो व्यवस्थापन समितिका पदाधिकारीको अवधि गत असोज २२ गते सकिए पनि अझैसम्म नयाँ नियुक्ति हुन सकेको छैन।

समितिका अध्यक्षको नियुक्ति प्रदेश सरकारले गर्छ। राजनीतिक नियुक्ति भएकाले सत्तापक्षीय दलबीच कुरा नमिल्दा पदाधिकारी चयनमा ढिलाइ भइरहेको हो। एउटै दलभित्र पनि अध्यक्षका आकाङ्क्षी धेरै छन्। अस्पतालका मेडिकल सुपरिटेण्डेन डा शैलेन्द्र विक पोखरेलले पदाधिकारी नियुक्तिका विषयमा अहिलेसम्म कुनै जानकारी नआएको बताउनुभयो। पदाधिकारी नहुँदा पनि अस्पतालको नियमित सेवा र प्रशासनिक काम नरोकिने उहाँको भनाइ थियो। समितिको सदस्य सचिवमा अस्पतालका मेडिकल सुपरिटेण्डेन रहने व्यवस्था छ। पदाधिकारी नआउञ्जेल अस्पतालको व्यवस्थापकीय कामको जिम्मेवारी पनि मेसुमै थपिन्छ। व्यवस्थापन समितिमार्फत हुने कर्मचारी व्यवस्थापन र खटनपटनमा भने पदाधिकारी नहुँदा समस्या पर्ने गरेको छ।

"आन्तरिक व्यवस्थापनसँगै पूर्वाधार विकासलाई गति दिन र अन्य महत्वपूर्ण निर्णय गर्नुपर्दा समितिका पदाधिकारीको आवश्यकता पर्ने भएकाले नियुक्तिको निर्णय छिटो भइदिए सहज हुने थियो", मेसु पोखरेलले भन्नुभयो। सात सदस्यीय समितिमा अध्यक्ष, सदस्यसचिवसहित दुई महिला सदस्य, अध्यक्षले राख्न पाउने एक सदस्य, उद्योग वाणिज्य सङ्घ र अस्पताल रहेको स्थानीय तहका प्रमुख पदेन सदस्य रहने व्यवस्था छ। यसपालिदेखि समितिको संरचनामा केही फेरबदल हुनसक्ने जनाइएको छ। हालै सेवा निवृत्त हुनुभएका समितिका अध्यक्ष केवी रानामगरले अस्पताल जस्तो संवेदनशील संस्थामा पदाधिकारी नियुक्ति गर्दा सरकारले ढिलाइ गर्न नहुने बताउनुभयो। "पहिलेको समितिले कार्यकाल पूरा गर्नेबित्तिकै नयाँ समिति आउनुपर्ने हो तर हाम्रोमा यस्तै प्रवृत्ति छ, सरकार पनि जिम्मेवार छैन", उहाँले भन्नुभयो, "अस्पताल सुधारका कैयौँ योजना अघि बढाइएकाले त्यसलाई नयाँ नेतृत्वले गति दिने विश्वास छ।" अघिल्लो समितिको पालामा अक्सिजन प्लान्ट, सघन उपचार कक्ष निर्माणलगायत काम भएका थिए। जिल्लामा कोरोना भाइरस सङ्क्रमण देखिँदाको अत्यासपूर्ण स्थितिमा पनि अस्पतालले सहजरुपमा सेवा प्रदान गरेको थियो। प्रदेश सरकार मातहत आएपछि सो अस्पताललाई २०० शय्याको जनरल अस्पतालमा स्तरोन्नति गर्ने योजना अघि सारिएको थियो। सरकारको नीति तथा कार्यक्रममा पनि त्यो निर्णय समावेश छ तर पूर्वाधार र मानव संशाधनको अभावमा सो योजना कार्यान्वयनमा चुनौती छ।

अस्पतालमा दरबन्दीअनुसारका चिकित्सक छैनन्। सोह्र विशेषज्ञ र छ मेडिकल अधिकृतको दरबन्दी रहे पनि अहिले १० मात्र विशेषज्ञ चिकित्सक कार्यरत छन्। ती पनि दरबन्दीका नभएर छात्रवृत्तिअन्तर्गत करारमा आएका चिकित्सक हुन्।

अस्पताल भवन समयमा नबन्दा शय्या विस्तार हुन सकेको छैन। नयाँ शय्या 'स्टोर'मा थन्किएका छन्। निर्माण सुरु भएको वर्षौं बितिसक्दासमेत अस्पतालको 'सी' ब्लक अझै बनिसकेको छैन। जनशक्ति, उपकरण र मानव संशाधनको अभावमा उपप्रादेशिक अस्पताल घोषणामा मात्र सीमित हुने डर छ।


**Government of Nepal**
**Ministry of Agriculture and Livestock Development**
**Department of Livestock Services**
**National Livestock Breeding Office**
**Pokhara, Kaski**

## Invitation for Bids

**IFB No: NLBO/078-79/5**
**(Date of Re-publication: 2078/07/09)**

National Livestock Breeding Office, Pokhara, Kaski invites RE- online bids for SQ Contracts under e-procurement system from eligible bidders for the Procurement/Construction of Various Projects mentioned below;

| IFB No. | Contract ID No. | Description and location of work | Bid Document Fee (NRs) | Bid Security Amount (NRs) | Estimate Amount Without VAT and with PS (NRs.) | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| NLBO/078-79/5.4 | NLBO/SQ/W/078-79/12 | Maintenance of Old Office and Residents, NLBO | 1000.00 | 36,500.00 | 12,34,025.42 | 75 days |

Purchase, Submission and Opening:

| Contract No. | Pre-Bid Meeting | | Purchase of Bid | | Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|---|---|---|---|---|
| | Date | Time | Date | Time | Date | Time | Date | Time |
| For SQ Contract | NA | NA | Till, November -09, 2021 | Within office Hours | Till, November -11, 2021 | Till 12:00 | Till, November -11, 2021 | 13:00 |

| Bank Name | Name of Office | Revenue Account No. | Deposit Account No. |
|---|---|---|---|
| Rastriya Banijya Bank, Prithivi Chowk Branch, Kaski | National Livestock Breeding, Office, Pokhara, Kaski Contact: 061-505389 (www.nlbo.gov.np) email: nlbc.pokhara@gmail.com Office Code: 312023902 | Acc. No. 1000200010000 Revenue Code: 14229 | 3020100102030000 (Ko.Le.Ni.Ka.Kaski) |

1. Tender Procedures shall follow Public Procurement Act (1st Amendment, 2073) and Public Procurement Regulation (10th Amendment, 2076).
2. Bidders shall download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's website **http://bolpatra.gov.np/egp,** asspecified in the Bidding data sheet for provision of E-Bidding.Bidders should deposit the equivalent fee for bidding document in the above Revenue Account within the date and time specified above. Bids submitted in hardcopy for NCB contract shall not be accepted.
3. A new firm established by any person or manager of a firm or company that is blacklisted according to PPA will be ineligible to submit bids.
4. For further information, please refer to the PPMO's website as prescribed above. Any amendment in the notice or bid documents will be posted in notice board of this office or PPMO'swebsite

**NLBO, Chief**